का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ असार २०७९,
बिहीबार
23 June 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १३८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नागरिकतामा राजनीति

नागरिकतामा राजनीतिक दलहरुले राजनीति गर्दा संविधान जारी भएको ७ वर्ष हुँदा समेत संविधान अनुसार नागरिकता पाउनुपर्ने नागरिकहरु नागरिकताबाट बञ्चित छन् । वैवाहिक अंगीकृत बाहेक सबै विषयमा सहमति जुटिसकेको विधेयक फिर्ता लिएर सरकारले फेरि नागरिकतामा राजनीति गर्न खोजको छ ।



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ८ असार ।

पाँच दलीय सत्तारुढ गठबन्धनले नागरिकता विधेयकलाई अगाडि बढाउने निर्णय गरेको छ । तर, नागरिकता विधेयकमा रहेका विवादित विषयहरुमा भने के गर्ने टुंगो लागेको छैन् । बरु सरकारले प्रतिनिधिसभामा बिचाराधीन विधेयकलाई फिर्ता लिएर नयाँ विधेयक ल्याउने तयारी गरेको छ ।

प्रतिनिधिसभामा रहेको नागरिकता विधेयकमा दलहरुबीच नमिलेको एउटै विषय हो- वैवाहिक अंगीकृत नागरिकताका सन्दर्भमा के गर्ने ? प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासनले नागरिकता विधेयक पारित गर्दा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सासदहरुले वैवाहिक अंगीकृत नागरिकताका लागि नेपालमा बिबाह गरेर आएको ७ बर्षपछि मात्रै नागरिकता दिने प्रस्ताव ल्याएर पारित गरे । तर, ७ वर्षे प्रावधानमा नेपाली कांग्रेसका नेताहरुले फरक मत राखेका थिए ।

त्यसबेला तत्कालीन नेकपाको सचिवालय बैठकले वैवाहिक अंगीकृतका लागि ७ बर्षे प्रावधान लराख्ने निर्णय नै गरेका थिए । नेकपाको सचिवालय बैठकबाटै निर्णय भएपछि तत्कालिन नेकपा – बाँकी पृष्ठ २ मा

## आजदेखि बालबालिकालाई कोरोनाविरुद्धको खोप

देशभरि ३९ लाख बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइनेछ ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ८ असार ।

सरकारले आजदेखि पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाका लागि कोरोना भाइरसविरुद्धको खोप 'फाइजर बायोएनटेक' लगाउने भएको छ । काठमाडौं जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख वसन्त अधिकारीका अनुसार आजदेखि यही असार १५ गतेसम्म काठमाडौं जिल्लाका एक लाख ९० हजार बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइनेछ ।

देशभरि ३९ लाख बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइनेछ । बालबालिकालाई खोप लगाउनका लागि एक हजार ३०० खोप केन्द्र तोकिएका छन् । खोप यही असार ५ गते अमेरिकाको सहयोगमा कोभ्याक्समार्फत करिब २२ लाख मात्रा आएको थियो ।

काठमाडौंका बालबालिकालाई विद्यालयमा नै खोप केन्द्र स्थापना गरी खोप लगाउँदै छ । विद्यालयबाहेक बालमन्दिर र कारागारमा समेत खोप लगाइने छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले खापको प्रभावकारिता नेपालमा ९१ प्रतिशत रहेकाले सबैलाई खोप लगाउन आग्रह गरे। खोप लगाउनका लागि खोप केन्द्रमा एक जना तालिम प्राप्त स्वास्थ्यकर्मी राखिने छ ।

कार्यालय प्रमुख अधिकारीले खोप लगाएमा बालबालिकामा केही असर देखिने भएकाले खोप केन्द्रमा नै उपचारको व्यवस्था गरिएको जानकारी दिए । उनका अनुसार बालबालिकालाई खोप लगाएपछि समस्या देखिए तत्काल उपचारका लागि 'एड्रिलाइन' इन्जेक्सनसमेत खोप केन्द्रमा राखिने छ ।

खोप लगाएपछि टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, सुई लगाएको ठाउँ रातो हुने, शरीर चिलाउने, बिमिरा तथा डाबर आउनेजस्ता समस्या हुने गर्दछन्। असार ९ गतेदेखि १५ गतेसम्म २७ जिल्ला बालबालिकालाई पहिलो मात्रा र सोही समूहलाई साउन २ देखि ८ गतेसम्म दोस्रो मात्राको – बाँकी पृष्ठ २ मा

**शान्ति प्रक्रिया**

## कानून संशोधन गर्ने सहमति

सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र राष्ट्रिय जनमोर्चा शान्ति प्रक्रियाका बाँकी काम सक्न संक्रमणकालीन न्यायसम्बन्धी कानून संशोधन गर्न सहमत भएका छन् ।



**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, ८ असार ।

पाँच दलीय सत्ता गठबन्धनमा रहेका दलहरुका बीचमा शान्ति प्रक्रियाका बाँकी काम सक्न सम्बन्धित कानून संशोधन गर्ने सहमति जुटेको छ । पाँच दलीय गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा छन् । पाँचै दलका नेताहरुबीच बुधबार प्रधानमन्त्री निवास वालुवाटारमा भएको छलफलमा शान्ति प्रक्रियाका बाँकी काम सक्न संक्रमणकालीन न्यायसम्बन्धी कानूनलाई संशोधन गर्ने सहमति भएको हो ।

सरकारका प्रवक्ता एवम संचार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार शान्ति प्रक्रियालाई चाँडै निष्कर्षमा पुऱ्याउनको निम्ति छलफल केन्द्रित भएको थियो । बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द बन्दीले शान्ति प्रक्रियामा अहिलेसम्म भएका कामबारे समीक्षात्मक प्रतिवेदन पेस गरेका थिए । कानूनमन्त्री बन्दीले आफूले अहिलेसम्म भएको प्रगतिबारे ब्रिफिङ गरेको र चाँडै संक्रणकालीन न्याय सम्बन्धी कानून संशोधन गर्ने सहमति भएको जानकारी दिए ।

उनले भनेका छन्, 'मैले अहिलेसम्म के के भयो भनेर ब्रिफ्रिङ गरेँ । चाँडो भन्दा चाँडो कानून संशोधन गरेर जाने सहमति भएको छ।' उनका अनुसार 'एउटा परामर्श बाँकी छ । त्यो सकेर आएपछि कानून संशोधनको दिशामा अगाडि बढ्ने सहमति भएको छ ।'

कानून अभावका कारण सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले काम गर्न नसकेको बताइने गरेको छ । २०६३ साल मंसिर ५ गते तत्कालिन विद्रोही नेकपा माओवादी र सात दलबीच भएको १२ बुँदे सहमति भएपछि शुरु भएको शान्त प्रक्रियाका कतिपय विषय अझै टुगिंन बाँकी छ । १२ बुँदे सम्झौताले आधार प्रदान गरेको विस्तृत शान्ति सम्झौताका मूलत: तीन प्रमुख लक्ष्य थिए- संविधानसभाद्वारा नयाँ संविधान निर्माण, लडाकु व्यवस्थापन र द्वन्द्वपीडितलाई सत्य, न्याय र परिपूरण प्रदान गर्ने ।

विस्तृत शान्ति सम्झौताले तय गरेका ती लक्ष्यमध्ये नयाँ संविधान निर्माण र लडाकुको व्यवस्थापन सकिएको छ । यद्यपि संविधान कस्तो बन्यो र लडाकु व्यवस्थापन शान्ति सम्झौताको – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## रोजगार कार्यालय स्थापना भएपनि मेडिकल र भिसा सेन्टर भैरहवा जान आनाकानी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।

भैरहवामा वैदेशिक रोजगार व्यवस्थापन शाखा सञ्चालन भएको हप्ता दिन वितिसक्दा पनि मेडिकल र कतार भिसा सेन्टरको सेवा उपलब्ध हुन सकेको छैन ।

त्यहाँ शाखा सञ्चालनमा आएपछि पूर्व श्रम स्वीकृति, अन्तिम श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिको लागि काठमाडौं आउनुपर्ने बाध्यता हटेको ठानिएपनि अवस्था सहज नभएको सांसद प्रमोद कुमार यादवले बताए । गत असार १ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले जिल्ला प्रशासन कार्यालय रूपन्देही अगाडि भैरहवामा वैदेशिक रोजगार व्यवस्थापन शाखाको शुभारम्भ गरेका थिए ।

केही समयपछि उपसचिव खटाउने गरी कार्यालयमा शाखा अधिकृतको नेतृत्वमा काम शुरु गरिएको थियो । त्यसअवसरमा मन्त्री श्रेष्ठले भैरहवामा अब अन्य पूर्वाधार, भिसा सेन्टर, मेडिकलको व्यवस्था तत्काल गरिने आश्वासन दिएका थिए ।

तर बुधबार साँझ मध्यान्हसँगको कुराकानीमा सांसद प्रमोद यादवले गाम्का मेडिकल, मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने बायोमेट्रिक मेडिकल, कतार भिसा सेन्टर र म्यानपावर कम्पनीहरूले स्थानीय स्तरमा कार्यालय खोलेर सेवा प्रदान गर्न आलटाल गरेको गुनासो गरे ।

'रोजगार कार्यालयको शाखा कार्यालय खोलेर मात्रै हुँदैन', सांसद यादवले भने, 'वैदेशिक रोजगारमा जानेहरूलाई विना झन्झट आवश्यक सेवा सहज ढंगबाट हुने व्यवस्थाको ग्यारेन्टी चाहिएको छ ।' श्रम स्वीकृतिका धेरै सेवाहरु अनलाइनबाट शुरु भइसकेकाले म्यानपावर व्यवसायीलाई भैरहवाबाट सेवा दिन समस्या नरहेको उनको भनाई – बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
९ असार २०७९, बिहीबार
23 June 2022, Thursday

# ४ सय १५ छात्रालाई साइकल वितरण



**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, ८ असार

छात्राहरुले कक्षा ८ र १० उत्तीर्ण पश्चात विद्यालय छोड्ने गरेपछि उनीहरुलाई विद्यालयमै रोक्न गाउँपालिकाले प्रयास गरेको छ । उत्तीर्ण भएर कक्षा ९ र ११ मा गएका छात्रालाई निःशुल्क साइकल वितरण गर्न थालेपछि छात्राहरुको विद्यालय तर्फ आर्कषण बढ्न थालेको छ । कपिलवस्तुको बिजयनगर गाउँपालिकाले बुधबार ४ सय १५ जना छात्रालाई साइकल वितरण गरेको छ । छात्राहरूलाई विद्यालयमा नियमित आउन प्रोत्साहन गर्नको लागि निःशुल्क साइकल वितरण गरेको हो ।

गाउँपालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पालिकामा रहेका ६ वटा माध्यमिक विद्यालयका कक्षा ९ र ११ सम्म अध्ययन गर्दै आएका ४ सय १५ छात्रालाई साइकल वितरण गरेको हो। कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले महिला सशक्त भए मात्र पालिकाको विकास सम्भव रहेको बताए ।

शिक्षा, स्वास्थ्यसहित प्रत्येक निकायमा पछि परेका महिलालाई अगाडि बढाउन पालिका प्रतिबद्ध रहेको बताए ।

'छोरीलाई शिक्षित र सबल बनाउन नै 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान ल्याइएको छ' थापाले भने । साइकल पाएपछि विद्यार्थीहरू विद्यालयमा नियमित आउनेसँगै महिलाहरूको शिक्षामा पहुँच वृद्धि हुनेछ ।

छोरीहरूलाई शिक्षा र रोजगारीका साथै आत्मरक्षाका लागि समेत अग्रसर बनाउने लक्ष्यका साथ पालिका अघि बढेको उपाध्यक्ष लक्ष्मी थारुले बताइन् ।

उनले नियमित विद्यालय आउन छात्राहरूलाई आग्रह गरिन् । साइकलले दुरीमा रहेका विद्यार्थीहरूलाई विद्यालय आउने सहज हुने गाउँपालिका प्रशासकीय अधिकृत गोविन्द भट्टराईले विश्वास व्यक्त गरे । 'बेटी पढाऊ, बेटी बचाउ' कार्यक्रम अन्तर्गत शिक्षा बीमा, महिलामैत्री शौचालयको निर्माण जस्ता कार्यक्रमहरूलाई अघि बढाएर महिला सशक्तिकरणमा पालिकालाई अग्रपंक्ति राख्ने सोच लिएको उनले बताए ।

कक्षा ८ र १० पढेपछि विद्यालय छोड्ने गरेकोले उनीहरूलाई रोक्न साइकल वितरण गरिएको बताइएको छ ।

## नागरिकतामा...

सांसदहरुले ह्वीपका रुपमा ७ बर्षे प्रावधानको पक्षमा आफुलाई उभ्याएका थिए ।

नेकपाको जस्तै गरी नेपाली कांग्रेसको पदाधिकारी बैठकले पनि वैवाहिक अंगीकृत नागरिकताका लागि नेकपाले प्रस्ताव गरेको ७ बर्षे प्रावधानको विरोध गर्ने र नागरिकता ऐन २०६३ अनुसार विहे गरेर आए लगत्तै नागरिता पाउने प्रतलित कानुनको पक्षमा उभिने निर्णय गरे ।

ठूला राजनीतिक दलहरुले पोजिसन लिएपछि त्यसबेला राज्य व्यवस्था समितिबाट बहुमतका आधारमा पारित भएको नागरिकता विधेयक प्रतिनिधि सभामा गएर थन्कियो ।

अहिले सरकार फेरिएको छ । सरकार मात्रै फेरिएको छैन्, सरकारमा रहेका दलहरुको पोजिसन पनि फेरिएको छ । तत्कालिन नेकपा अहिले तीन दलका रुपमा रहेका छन्, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी । यी तीन वटै दल अहिले सरकारमा छन् । यी तीनै दल नेकपामा रहँदा वैवाहिक अंगीकृतका लागि ७ बर्षे प्रावधान राख्नुपर्ने पक्षमा थिए । तर, अहिले बोलिरहेका छैन । नेपाली कांग्रेस आफुले राज्य व्यवस्था समितिमा रहेको फरक मत अनुसार वैवाहिक अंगीकृतका पक्षमा मौन रहेर अगाडि जान चाहन्छ । यसका लागि कांग्रेस अहिले प्रतिनिधिसभामा रहेको नागरिकता विधेयक फिर्ता लिएर नयाँ विधेयक ल्याउन तयार छ । यसरी जाँदा दलहरुका लागि फेस सेभिङका लागि सहज हुने नेताहरुको बुझाई रहेको छ । अर्थात, वैवाहिक अंगीकृतबाहेक सबै विषयमा सहमति जुटिसकेको विधेयक फिर्ता लिएर सरकारले फेरि नागरिकतामा राजनीति गर्न खोजको छ ।

नागरिकतामा राजनीतिक दलहरुले राजनीति गर्दा संविधान जारी भएको ७ बर्ष हुँदा समेत संविधान अनुसार नागरिकता पाउनुपर्ने नागरिकहरु नागरिकताबाट बन्चित छन् । तर, अझै नागरिकता विधेयक पारित हुने वा होइन भन्नेबारे प्रष्ट दृष्य देखा परेको छैन् । यसका पछाडि प्रमुख प्रतिपक्षी नेकपा एमालेले पनि राजनीति गर्न खोजेको देखिन्छ ।

आफु दुई तिहाई बहुमतमा रहेर सरकार चलाइरहँदा बहुमतका आधारमा भएपनि नागरिकता विधेयक अगाडि बढाउँ भनेर भूमिका नखेलेको एमालेले सरकार जाने भएपछि भने अध्यादेश ल्याएर नागरकताका लागि संवेदनशिल रहेको देखाउन खोजेको थियो । तर, नागरिकता जस्तो संवेदनशिल विषयमा अध्यादेश ल्याउनु उचित नरहेको भनी सर्वोच्च अदालतले उल्ट्याइदियो ।

अहिले सरकार बाहिर रहेको एमाले सरकारलाई नागरिकता विधेयक ल्याउन नदिने रणनीतिमा छ । यसको कारण- आसन्न प्रदेश र संघीय चुनावमा आफुहरुले नागरिकता विधेयक ल्याउन खोज्दा नदिएको र वर्तमान सरकारले नागरिकता नदिलाएको भनेर भोट तान्ने प्रयास । ठीक यसैगरी नेपाली कांग्रेस एमाले नेतृत्वको सरकारले नागरिकता विधेयक ल्याएन, आफुहरुले ल्याएको भनी भोट तान्ने प्रयासमा छ । भोटका लागि दलहरुले राजनीति गर्दा गर्दै नागरिकताबीहिन नागरिकहरुले भने नागरिकता प्राप्त गर्न सकिरहेका छैनन् ।

तर, यो वा त्यो नाममा राजनीतिक दलहरुले वैवाहिक अंगीकृत नागरिकताको विषयमा राजनीति गरिरहेका छन् । कम्युनिस्टहरु नेपालको भूगोल देखाएर ७ बर्षे प्रावधानको पक्षमा वकालत गरिरहेका छन् भने मधेश केन्द्रीत दल र नेपाली कांग्रेस बिहे गरेर आउने वित्तिकै नागरिकता दिनुपर्ने पक्षमा अडिग छ । वैवाहिक अंगीकृत नागरिकतामा रहेको उल्झनका कारण नेपालमा जन्मिएर नेपालमै हुर्किएका र संविधान अनुसार नागरिकता लिनको लागि योग्य नागरिकहरु भने कानुनको अभावमा नागरिकता पाउनबाट बन्चित भइरहेका छन् ।

मुख्य मुद्दामा सहमति

नेपालको संविधान २०७२ मा आमाको नामबाट सन्तानलाई नागरिकता दिने र जन्मका आधारमा नागरिकता लिएकाको सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था छ । त्यसलाई सम्बोधन गर्न तत्कालीन सरकारले २२ साउन २०७५ मा नागरिकता ऐन संशोधन विधेयक संसदमा दर्ता गरेको थियो, जसलाई संसदले दफाबार छलफलका लागि २९ साउनमा राज्यव्यवस्था तथा सुशासन समितिमा पठाएको थियो । राज्यव्यवस्था समितिले भने मुख्य विषयमै सरकारी प्रस्तावमा संशोधन गर्ने गरी सहमति जुटायो ।

३ असोज २०७२ अर्थात् संविधान जारी भएको दिनभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकको सन्तान बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिक हुने प्रस्तावित व्यवस्था संशोधन भयो ।

संसद अधिवेशन अन्त्य गरेर अध्यादेश ल्याउने वा एमालेको नाराबाजीका बीच बहुमतबाट विधेयक पास गर्ने विकल्प छ । तर दुवै विकल्प सहज भने छैन ।

९ मंसिर २०६५ भित्र निवेदन दिई नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुवै नेपालका नागरिक रहेछन् भने उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्था राखियो ।

यसो गर्दा संविधान जारी हुनुभन्दा अगाडि निवेदन दिएका तर, नागरिकता लिने उमेर नपुगेकाहरूलाई सम्बोधन गर्न सकिने र यसको थप व्याख्या नियमावलीमा गर्ने सहमति राज्यव्यवस्था समितिमा भएको थियो ।

## आजदेखि...

खोप दिइनेछ । यस्तै दोस्रो चरण ५० जिल्लामा भदौ ५ देखि ११ गतेसम्म पहिलो मात्रा र सोही समूहलाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिनेछ। पाँच वर्षदेखि १२ वर्षमुनि उमेरका विद्यालयले तयार गरेको कक्षागत सूची, नामावली, विद्यालयले उपलब्ध गराएको परिचयपत्रको आधारमा खोप लगाइने छ ।

यस्तै विद्यालयमा सूचीकृत नभएका बालबालिकाको हकमा उमेर खुल्ने परिचयपत्र वा निजको अभिभावकले स्वःघोषणा गरेको उमेर पुगेका बालबालिकालाई खोप लगाइने छ। खोप एक स्थानीय तहलाई एकै चरणमा सम्पन्न गर्ने गरिने छ ।

खोप केन्द्रमा कम्तीमा एक जना खोप दिने स्वास्थ्यकर्मी र थप लक्षित सङ्ख्याको आधारमा थप स्वास्थ्यकर्मी तथा दुई जना स्वयंसेवक र प्रति २०० थप लक्षित सङ्ख्याको लागि थप एक जना स्वयंसेवक परिचालन गरिनेछ ।

## शान्ति...

आत्म अनुसार भयो/भएन भन्ने बहसको छुट्टै विषय हो । १२ बुँदे र विस्तृत शान्ति सम्झौताका हस्ताक्षरकर्ताहरुले नै कहिलेकाँही संविधान बनेर कार्यन्वयनमा गइसकेको र लडाकु व्यवस्थापन भइसकेको कुरालाई लिएर राजनीतिक संक्रमण सकिएको र नेपाली शान्ति प्रक्रिया टुंगोमा पुगेको बताउने गरेका छन् ।

तर शान्ति सम्झौताको एउटा महत्वपूर्ण कार्यभार द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनबाट पीडित नागरिकहरुलाई सत्य, न्याय र परिपूरण प्रदान गर्ने राजनीतिक प्रतिवद्धता अझैं पुरा भएको छैन्। एक हिसाबले भन्ने हो भने संक्रमणकालीन न्याय अझैं संक्रमणमा छ ।

सम्झौतामा सशस्त्र द्वन्द्वको व्यवस्थापन गर्ने विभिन्न विषयहरुमध्ये मानव अधिकार उल्लंघनका पीडितलाई न्याय प्रदान गर्न तथा संक्रमणकालको अन्त्यको लागि ६ महिनाभित्र संक्रमणकालीन न्याय संयन्त्रको गठन गर्ने उल्लेख थियो । त्यस्तै ६० दिनभित्र राज्य र विद्रोही पक्षले बेपत्ता पारेका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने कुरा पनि शान्ति सम्झतामै थियो ।

द्वन्द्वकालीन मुद्दा टुंग्याउन बनाउने भनिएका दुई आयोग सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगको गठन भयो । तर, शान्ति प्रक्रियापछि द्वन्द्वोत्तर न्यायका विषयमा आम अपेक्षाअनुसार काम भएनन् नै गर्न लागिएको काम पनि पीडितलाई चित्त बुझाउने गरि गरिएन । दुवै आयोगहरुबाट अहिलेसम्म उजूरी संकलन गर्ने काम बाहेक केही पनि हुन सकेको छैन। सत्य निरुपण तथा मेलमिलाप आयोगमा करिब ६३ हजार र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा करिब ३२ सय उजूरी दर्ता भएका छन् ।

## रोजगार...

छ । वैदेशिक रोजगार व्यवस्थापन शाखा सञ्चालनमा आएपछि नारायणी नदी पश्चिम मात्रै नभएर मधेश प्रदेशसहित तराईका २२ वटै जिल्लाका लागि भैरहवा सहज देखिएको पनि यादवले बताए । वैदेशिक रोजगार श्रम स्वीकृतिका आवश्यक पुर्वाधार स्थापना गर्न ढिलाइ गर्न नहुने सांसद यादवको सुझाव छ । यात्रुको चापको आधारमा भैरहवाबाट अन्य वायुसेवा कम्पनीहरूले पनि उडान भर्ने चासो देखाएका छन् ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०६/११ मा दर्ता भएको **प्रा.लि. नं. ५८७५७** को **ओम्याकस हाउजिङ कम्पनी प्रा.लि.** को मिति २०७९/०२/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८५,**
ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३८०४०३
ईमेल : rokayasherbahadur723@gmail.com



### लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, शुद्धोधन गाँउपालिकामा कार्यान्वयन गरिने श्री मनिषा शाक्य ईंट्टा उद्योग को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०३/०९)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मनिषा शाक्य<br>बुटवल उपमहानगरपालिका-३, रुपन्देही, फोन नं: |
| प्रस्तावको व्यहोरा | कार्यान्वयन हुने स्थान: शुद्दोधन गाँउपालिका, वडा नं २, कपिलवस्तु कित्ता नं: साबिक नन्दनगर गा.वि.स वडा नं. २ (क) को १८२, २११,१७७, १६३८, १६३७, ७२०, १६९, १६६५, १६३९, १८९, ११६, २१०, १७५, १७७, १८०, १८१, १८८, २१२, १६७, ७२२, २००, ११८४, १६६, ११८७, ११९०, ११९२, २०३, ११९९,१४३१, ९९८, ११८५, १६८, १९२, २०६,११८६, ११८९, ११९१, १४३०, ७२३, २०४, १९०, १६३२, १६३३, १६३६, १७०, १७१, २०२<br>कुल क्षेत्रफल: ३ बिघा, लगानी रु: ८५,००,०००/, लगानी किसिम: एकल |
| प्रस्तावले प्रभाव पार्ने जिल्ला, गाँउपालिका | कपिलवस्तु जिल्ला , शुद्दोधन गाँउपालिका वडा नं., २ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, समाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव दिनु उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| मनिषा शाक्य, बुटवल उपमहानगरपालिका-३, रुपन्देही, फोन नं | इनभारोमेन्टल इन्जिनियरिङ कन्सल्टयान्ट प्रा.लि. सामाखुसी, काठमाण्डौ, फोन नं: ९८६३५५०३७२ इमेल: letters2suren@gmail.com |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/२५ मा दर्ता भएको **प्रा.लि. नं. १६१५५९** को **सौभुवन हिलिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **बसुन्धारा-३, काठमाडौं** स्थित यस **सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.** **(श्रम इजाजत पत्र नं.९३४/०६७/०६८)** मा कार्यरत निम्न कर्मचारीहरुलाई यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा **वैदेशिक रोजगार** सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

| सि.नं | नाम थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | प्रशन्न श्रेष्ठ | काठमाडौं | डकुमेन्टेसन |
| २ | पुनम गुप्ता | सर्लाही | डकुमेन्टेसन |
| ३ | बिमला पछाई | मित्रनगर, काठमाडौं | अफिस हेल्पर |

ईजाजत नं. ९३४/०६७/०६८
**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



### एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट कलेजको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति : २०७९/०३/९)

वाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम, ठेगाना | एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि.<br>इमेल : ace@ace.edu.np । फोन नं : ०१-४४६९०१९ |
| प्रस्तावको व्यहोरा | जग्गाको कूल क्षेत्रफल १४४०५.७ वर्ग मि. मा कलेज भवनको कुल भुई क्षेत्रफल १२३४७ वर्ग मि. मा ११ तल्लाको ४८.३ मिटर उचाई भएको भवन जसमा कम्प्युर ल्याव, पुस्तकालय, सभाहल, अन्डर ग्राउन्ड पार्किङ्ग सहित सुविधासम्पन्न कक्षा कोठा भएको कलेज भवन निर्माण तथा संचालन |
| प्रस्तावले प्रभाव पार्ने जिल्ला र पालिका | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं १, नक्साल |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याइन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली , सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम, ठेगाना | एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि.<br>इमेल : ace@ace.edu.np, फोन नं : ०१-४४६९०१९ |
| परामर्शदाताको नाम, ठेगाना | इनभारोमेन्टल इन्जिनियरिङ कन्सल्टयान्टसी प्रा. लि.<br>सामाखुसी, काठमाण्डौ । फोन नं.: ९८६३५५०३७२, इमेल: letters2suren@gmail.com |



### लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, यशोधरा गाँउपालिकामा कार्यान्वयन गरिने श्री एच.के ईंट्टा उद्योग को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०३/०९)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मोहमद हलिम मुसलमान<br>मायादेवी गाँउपालिका, कपिलवस्तु, फोन नं: |
| प्रस्तावको व्यहोरा | कार्यान्वयन हुने स्थान: यशोधरा गाँउपालिका, वडा नं ८, कपिलवस्तु कित्ता नं: आयोजना -साविक सिहोखोर गा.वि.स वडा नं ५ (ख) को कित्ता नं ६२२, ६२३, ८१७, ८२१, ८२५, ८४०, ८११, ८२४, ८३९, ८३६, ९७५, ९८५, ११३०, ११६५, ९१२, ९०८, ११६६, ७०७, ११०२, ११२८, ७०५, १००५, १०३४, ८३८, ८२०, ९८६, ९७६, ११६८, ११७०, ७०८, ११६७, ६२७, ८०७, ८१५, ९०९, ९११, ८१४, ८१८, ८२२, ८३५, ८३७, ८०२, ८०६, ७०९, ७१७, ७१९, ११०३, ११२१, १०२५<br>कुल क्षेत्रफल: ५ बिघा, लगानी रु: ८०,००,०००, लगानी किसिम: एकल |
| प्रस्तावले प्रभाव पार्ने जिल्ला, गाँउपालिका | कपिलवस्तु जिल्ला, यशोधरा गाँउपालिका वडा नं., ८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, समाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव दिनु उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| मोहमद हलिम मुसलमान<br>मायादेवी गाँउपालिका , कपिलवस्तु<br>फोन नं | इनभारोमेन्टल इन्जिनियरिङ कन्सल्टयान्ट प्रा.लि.<br>सामाखुसी, काठमाण्डौ, फोन नं.: ९८६३५५०३७२<br>इमेल: letters2suren@gmail.com |



### कतारमा रोजगार | कम्पनी: VENTURE GULF RENT A CAR WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/04/२५ | चलानी नं.: ६०१६२१५१ | LT. No.: 243658 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 7 | 0 | | 1400 | ४७,७६८ | | | | | | | |

### कुवेतमा वैदेशिक रोजगार | कम्पनी: TALABAT HOME FOR DELIVERY OF CONSUMER ORDER
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०२/२५ | चलानी नं.: ६०१८०६२३ | LT. No.: 264604

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 40 | 0 | स. काममा दक्ष | 150 | ६०,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १६ गते (30 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाता कम्पनीले व्योर्हने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योर्हने | रोजगार दाताले व्योर्हने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको निःशुल्क कुवेतको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Group Of Companies
Gov. Lic. No. 625/063/064
**Red Coral Associates Pvt. Ltd.**
Buddhanagar-10, Kathmandu, Tel.: 4797078,4797278
Mo.: 9851171385, 9851171383, 9851171384



### कतारमा रोजगार | कम्पनी : ALWADI HOTEL DOHA GALLERY | शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७९/०३/०८ | चलानी नं.: ६०१८१४५० | LT. No.: 265729

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Service | 5 | 0 | स. काममा दक्ष | 1400 | ४७,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १६ गते (30 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योर्हने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योर्हने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ३२७/०५९/०६०
**लाईफ लाईन ओभरसिज प्रा. लि.**
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



### मलेसियामा रोजगार | कम्पनी: STRAITS FORCE SECURITY (M) SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/११/१६ | चलानी नं.: ६०१५२६६० | LT. No.: 234181 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ३४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाता कम्पनीले व्योर्हने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योर्हने | रोजगार दाताले व्योर्हने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १६ गते (30 June 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु साग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वेदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1066/073/074
**NS INTERNATIONAL PVT. LTD.**
Kathmandu, Nepal, Tel. No.: 01-4485082, 4485083
Mob.: 9803888634,9840065304,9851265910
Email: ns.international1066@gmail.com

# नायब सुब्बाविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नायब सुब्बा गणपति झाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। जिल्ला प्रशासन कार्यालय धनुषामा कार्यरत नायब सुब्बा झाले जागिर अवधिमा ४ करोड ८७ लख ३८ हजार २१० रुपैयाँ कमाएका थिए। जसमध्ये २ करोड ४४ लाख ७१ हजार १०५ रुपैयाँको स्रोत नखुलेपछि आयोगले झाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो। नासु झा २०३९ मंसिर ९ गते गाविस सचिव (रा.प.अनं.द्वितीय) पदबाट सार्वजनिक सेवामा प्रवेश गरी विभिन्न पद तथा कार्यालयमा कार्यरत रही २०७८ साउन महिनाबाट अवकाश लिएका थिए।

उनको स्रोत नखुलेको आम्दानी २ करोड ४४ लाख ७१ हजार १०५ रुपैयाँ भ्रष्टाचार मार्फत आर्जन गरेको भन्दै अख्तियारले रकम जफत र भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही गर्न माग गरेको छ। झाले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको उजुरी परेपछि अख्तियारले अनुसन्धान शुरु गरेको थियो। अवैध आर्जनको सम्पत्ति उनले घर निर्माण, जग्गा खरिद, अध्ययन खर्च, करुणाकर इन्टरप्राइजेज, न्यू थ्री ब्रदर्स एण्ड बिल्डर्स र नीति कन्सट्रक्सनका लागि खर्च गरेको अख्तियारले जनाएको छ।

**राष्ट्रिय उमाविका शिक्षकविरुद्ध भ्रष्टाचार मुद्दा**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई नियुक्ति लिने शिक्षकविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अर्घाखाँचीको नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, ठूलापोखराका तत्कालीन निम्न माध्यमिक अस्थायी शिक्षक हुमलाल पौडेलविरुद्ध बुधबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

उनले भारतको गोरखपुर विश्वविद्यालयको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र बनाई ल्याएको भन्ने उजुरीका आधारमा अनुसन्धान हुँदा झुट्टा प्रमाणपत्र पेश गरेको देखिएको अख्तियारको दाबी छ। उनलाई कानून बमोजिम कारबाहीको माग गर्दै आरोपपत्र दायर गरिएको अख्तियारले जनाएको छ।

# नौमुले गाउँपालिकाद्वारा नीति तथा कार्यक्रम प्रस्तुत



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ८ असार

दैलेखको नौमुले गाँउपालिकाले आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। गाउँपालिकाका अध्यक्ष छबी सुवेदीको अध्यक्षतामा बुधबार सम्पन्न दोस्रो गाउँसभामा गाँउपालिका उपाध्यक्ष गंग बहादुर शाहीले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिकाका उपाध्यक्ष गंगबहादुर शाहीले समृद्ध नौमुले निर्माणको अभियानसँगै विकट नौमुलेलाई शान्ति, सुरक्षाको अनुभुति र विकास निर्माणमा हातेमालो गर्ने खालका कार्यक्रम ल्याइएको भन्दै समृद्ध नौमुले र सुखी नौमुलेवासी वनाउन प्रतिवद्ध रहेको बताए।

गाँउपालिका अध्यक्ष सुवेदीले आगामी बजेटमा शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार निर्माणका कार्यक्रम प्राथमिकतामा रहने बताए। शुसासन, जवाफदेहिता र पारदर्शिता पहिलो प्राथमिकतामा रहेको उनको भनाइ थियो। यस्तै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेशम बहादुर बुढाले नीति तथा कार्यक्रममा चालु खर्चलाई कटौती गरिएको बताए। प्रमुख प्रशासकीय अधिकृत वुढाले भने, 'पालिकाले विकास खर्च र पुँजीगत खर्चमा वृद्धि गरेको, विगतको सरकारले संचालन गरेका राम्रा कार्यक्रमलाई निरन्तरता दिएको, गाउँपालिकाको समृद्धिका लागि तत्कालै प्रतिफल दिने खालका कार्यक्रमहरु रहेकाले आर्थिक विकास र समृद्धिका लागि टेवा पुर्‍याउने विश्वास लिएका छौं।'

कार्यक्रममा कर्मचारीहरु, वडा अध्यक्षहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि र संचारकर्मीहरुको सहभागिता रहेको थियो। बुधबार प्रस्तुत गरिएको नीति तथा कार्यक्रम कार्यपालिकाको बैठक बसेर आवश्यक सल्लाह, सुझावसहित यहि असार २५ गते पारित गरिने जनाइएको छ।

# बबई गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत



**राम प्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, ८ असार

दाङको बबई गाउँपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक भएको छ। गाउँपालिका अध्यक्ष कुलबहादुर खत्री क्षेत्रीले बबई गाउँपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन्।

गाउँपालिकाले 'हाम्रो उत्पादन हाम्रो बजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार' भन्ने नारालाई ध्यानमा राखेर नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। नीति तथा कार्यक्रममा कृषिलाई प्राथमिकतामा राखिएको छ।

दिगो विकासका लागि कृषिमा आधारित कृषि अनुदान कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ। यस्तै सित भण्डार निर्माण तथा प्रोत्साहनका कार्यक्रमका लागि बजेटको व्यवस्था गरिने गाउँपालिकाले जनाएको छ। उद्योगलाई प्रवर्द्धनका लागि एक वडा एक उद्योग कार्यक्रम अघि सार्दै गाउँपालिकाले पञ्चकुले, हापुरे र हंसपुर क्षेत्रको विकासको लागि अध्ययन गर्ने नीति तथा कार्यक्रमले समेटेको छ। बबई क्षेत्रको पर्यटन विकासका लागि पर्यटकीय क्षेत्रको विकास गर्ने र गाउँपालिकाभित्र रहेका सहकारीसँग समन्वय गरेर रोजगारी कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रमले उल्लेख गरेको छ।

त्यसैगरी हामी सबैको इच्छा, निःशुल्क र गुणस्तरीय शिक्षा भन्ने नारासहित सबै बालबालिकालाई आधाभूत तहसम्म अनिवार्य शिक्षा र मावि तहसम्मका लागि निःशुल्क शिक्षा प्रदान गर्ने उल्लेख गरिएको छ।

७२ बुँदा रहेको नीति तथा कार्यक्रममा स्वास्थ्यको सुधारका लागि स्वस्थ आमा, स्वस्थ्य बच्चा नारासहित नवजात शिशु तथा मातृ मृत्युलाई कम गर्नका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ। जेष्ठ नागरिक, युवा तथा खेलकुद, वन वातावरण विषयलाई पनि गाउँपालिकाको नीति तथा कार्यक्रमले समेटेको छ।

## सालझण्डी - सन्धिखर्क- ढोरपाटन सडक योजना सन्धिखर्क, अर्घाखाँचीको सूचना

सालझण्डी - सन्धिखर्क - ढोरपाटन सडकको विभिन्न स्थानहरूमा सडक छेंउको नालि पुरिदिने, सडकको बीच भागमा अनावश्यक खन्ने, सडकमा पानी लगाईदिने, सडक छेउका पर्खालबाट ढुङ्गा झिक्ने, बिना अनुमति शाखा सडक खोल्ने आदि कार्य गरेको पाईएकोले यस्ता कार्यहरू तत्काल रोकी सडक संरक्षणमा आवस्यक सहयोग गरिदिनुहुन सालझण्डी - सन्धिखर्क - ढोरपाटन सडक योजना हार्दिक अपिल गर्दछ।

- योजना प्रमुख

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण तथा सम्बन्धन महाशाखा सानोठिमी, भक्तपुरको

**श्री लिटिल बुद्ध कलेज अफ हेल्थ साइन्स, का.म.न.पा.३४, मिनभवन, काठमाण्डौंको नाममा सम्बन्धन/स्वीकृत प्रमाण-पत्र/डिप्लोमा इन फार्मेसी कार्यक्रम सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी जरुरी सूचना !**

प्रकाशित मिति २०७९/०३/०९

यस परिषद् कार्यालयबाट प्रमाण-पत्र/डिप्लोमा तहको फार्मेसी कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री लिटिल बुद्ध कलेज अफ हेल्थ साइन्स, का.म.न.पा.३४, मिनभवन, काठमाण्डौले उल्लेखित कार्यक्रमलाई श्री लिटिल बुद्ध प्राविधिक शिक्षालय प्रा.लि. का.म.न.पा.३१, काठमाण्डौको नाममा सञ्चालन गर्न पाउँ भनी दिएको निवेदन माथि कारवाही हुंदा यस परिषद् कार्यालयको मिति २०७९/०३/०८ गतेको निर्णय अनुसार उल्लेखित कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध भए अन्तिम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण सहित हकदावी विरोधको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद नाघि आएका उजुरी उपर कुनै कारवाही नहुने तथा कार्यक्रम हस्तान्तरण (स्थानान्तरण) प्रकृया अगाडी बढ्ने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८

Province Government
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Arghakhanchi

**Invitation for Online Bids**

**Date of publication: 23th June, 2022 (2079-03-09)**

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding-single stage two envelop system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

*Name of the Bank* : *Rastriya Banijya Bank Ltd., Sandhikharka.*
*Name of the Office* : *Road Infrastructure Development Office, Arghakhanchi.*
*Office Code No* : *3370151015 (Dharauti and Rajaswa)*
*Rajaswa Shrishak No.* : *14229; Rajaswa Account No.: 1000200010000*
*Last Date of Bid Purchase and Submission* : *27th July, 2022 (2079-04-11)12:00 Hrs.*

| S.N. | Name of Project | Contract Identification | Bid Document Fee (NRs.) | Bid Validity Period | Bid security (NRs.) | Validity of Bid Security |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Rampur Kapurkot: Jibraj Asrit Krishna Sen Icchhuk Marg (Sandhikharka Pakale Dharapani Chunjathanti Road, Chainage:18+100 to 19+233 & 24+520 to 32+810) | RIDO-ARG-W-NCB-40-2078/079 | 20,000.00 | 120 Days | 66,00,000.00 | 150 Days (25th Dec, 2022) |

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद
**कफी अनुसन्धान कार्यक्रम**
रुरुक्षेत्र गाउँपालिका, भण्डारीडाँडा, गुल्मी

**कृषकहरुलाई कफी रोप्दा ध्यान दिनुपर्ने कुराहरु**

- गुणस्तरिय बिरुवाको प्रयोग गरौं।
- कफिको बिरुवा रोप्नुभन्दा अगाडी उर्वर माटो भएको र जमिनमा छहारी दिने बोटहरुलाई प्राथमिकतामा राखौं।
- बिरुवालगाउदा २.५x२.५x२.५ को खाडल बनाई रोपौं।
- कफिको बिरुवा रोप्दा प्रशस्त मात्रामा प्राराङ्गारिक मलको प्रयोग गरौं।

(जीत नारायण चौधरी)
संयोजक

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
सुर्खेत

**कर्णाली प्रदेशको हुम्ला जिल्लामा अवस्थित यांचु लाली-गोप्का-भुब्रे-राहदेउ सडक (२४.०० कि मी) निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

( प्रथम पटक प्रकाशित मितिः २०७९/०३/०९ गते )

कर्णाली प्रदेश, हुम्ला जिल्ला, खार्पुनाथ गाँउपालिका वडा न. १ मा पूर्वाधार विकास कार्यालय, सिमिकोट हुम्लाबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पूर्वाधार विकास कार्यालय<br>कर्णाली प्रदेश, हुम्ला<br>फोन नं.: ०८७-६८०२४९<br>इमेल : idohumla@gmail.com |
| **प्रस्तावको व्याहोरा** | यांचु लाली-गोप्का-भुब्रे-राहदेउ सडक (२४.०० कि मी) निर्माण। |
| **प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./गा.पा.** | कर्णाली प्रदेश, हुम्ला जिल्ला, खार्पुनाथ गाउँपालिका |

माथि उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएको ले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गईरहेको हुदा सम्पुर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान**

| प्रस्ताव | मिति | समय | स्थान |
|---|---|---|---|
| यांचु लाली-गोप्का-भुब्रे-राहदेउ सडक (२४.०० कि मी) निर्माण | २०७९/०३/१० गते | दिउसो २:०० बजे | खार्पुनाथ गाउँपालिका वडा न. १ को कार्यालय |

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
सुर्खेत

**कर्णाली प्रदेशको हुम्ला जिल्लामा अवस्थित बाजुरा कवाडी-ताजाकोट-अदानचुली-सर्केगाड सडक (चिहिगाड-श्रीनगर खण्ड) (२१.०० कि मी) निर्माण को लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०३/०९ गते)

कर्णाली प्रदेश, हुम्ला जिल्ला, ताजाकोट गाँउपालिका मा पूर्वाधार विकास कार्यालय, सिमिकोट हुम्लाबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पूर्वाधार विकास कार्यालय<br>कर्णाली प्रदेश, हुम्ला<br>फोन नं.: ०८७-६८०२४९<br>इमेल : idohumla@gmail.com |
| **प्रस्तावको व्याहोरा** | बाजुरा कवाडी-ताजाकोट-अदानचुली-सर्केगाड सडक (चिहिगाड-श्रीनगर खण्ड) (२१.०० कि मी ) निर्माण। |
| **प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./गा.पा.** | कर्णाली प्रदेश, हुम्ला जिल्ला, ताजाकोट गाउँपालिका |

माथि उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएको ले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गईरहेको हुदा सम्पुर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान**

| प्रस्ताव | मिति | समय | स्थान |
|---|---|---|---|
| बाजुरा कवाडी-ताजाकोट-अदानचुली-सर्केगाड सडक (चिहिगाड-श्रीनगर खण्ड) (२१.०० कि मी) निर्माण | २०७९/०३/१० गते | दिउसो २:०० बजे | ताजाकोट गाउँपालिकाको कार्यालय |

मध्यान्ह
www.madhyanhadaily.com
९ असार २०७९, बिहीबार
23 June 2022, Thursday

सम्पादकीय

## गैरजिम्मेवार राजनीति, नागरिकलाई सास्ती

सरकारले नागरिकता विधेयक अगाडि बढाउने तयारी गरेको छ । सरकारका प्रवक्ता एवम् सूचना, प्रविधि तथा सञ्चार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नागरिकता विधेयकबारे सत्तारूढ गठबन्धनको बैठकमा छलफल भएको जानकारी दिए । तर विधेयकमा सत्तारूढ दलहरूबीच सहमति भने जुट्न सकेन । दलहरूबीच मतैक्य नहुँदा नागरिक विधेयक अगाडि बढ्न सकेको छैन । जबकी संविधान बनेको तीन वर्षभित्रै नागरिकता सम्बन्धी कानून बनिसक्नुपर्ने थियो । तर संविधान बनेको सात वर्ष हुन लाग्दा समेत नागरिकता सम्बन्धी कानून बन्न सकेको छैन । जबकी यो अवधिमा स्थानीय तहको दुई पटक चुनाव भइसक्यो । ०७४ को चुनावबाट निर्वाचित जनप्रतिनिधिको कार्यकाल सकिएपछि गएको ३० वैशाखमा स्थानीय चुनाव सम्पन्न भएको छ ।

प्रदेश तथा प्रतिनिधिसभाको चुनाव पनि दोस्रो पटक हुने तयारी भइरहेको छ । ०७४ मा मंसिरमा सम्पन्न प्रदेश तथा प्रतिनिधिसभा चुनावपछि संघमा दुई र प्रदेशमा तीन वटा समेत सरकार बनिसकेको छ । झण्डै ४० महिना केपी शर्मा ओली र गएको वर्ष २९ असारदेखि शेरबहादुर देउवा देशका प्रधानमन्त्री भइसके । बागमती र प्रदेश–१ मा तीन वटा सरकार परिवर्तन भइसकेको छ । तर संविधान कार्यान्वयनका लागि आवश्यक कानूनहरू बन्न सकेको छैन । कानून बन्न नसकेको मध्ये नागरिकता सम्बन्धी विधेयक पनि प्रमुख हो । विशेषगरी अंगीकृत नागरिकताबारे दलहरूको भिन्न मत छ । नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी नागरिकता विधेयकबारे समान अडान लिएका छन् र नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी एकातिर छन् ।

कम्युनिष्ट पार्टीहरू नेपाली पुरूषसँग विवाह गरेर नेपालमा बसेकालाई ७ वर्षपछि वैवाहिक अंगीकृत नागरिकता दिनुपर्ने पक्षमा कम्युनिष्ट पार्टीहरू उभिएका छन् । तर कांग्रेस, जसपा र लोसपा भने समय अवधि नराख्ने पक्षमा उभिएका छन् । विधेयकहरू दलहरूबीच सहमति जुट्न नसकेकै कारणले जन्मसिद्ध बाबुआमाका छोराछोरीले समेत नागरिकता पाउन सकेका छैनन् । नेपालमा नागरिकता सम्बन्धी मतभेद नौलो चाहिँ होइन । दलहरूले भोट आकर्षित गर्नेगरी नागरिकता सम्बन्धी धारणा बनाउने गरेका छन् । तर उनीहरूले नागरिकता नपाउँदाको सास्ती भने बिर्सिएका छन्, नागरिकतालाई मत आकर्षिक गर्ने माध्यमका रूपमा उपयोग गर्दै आएका छन् । यदि त्यसो नहुँदो दलहरूकै अडानका कारण तीन वर्षभित्रै बनिसक्नुपर्ने कानून बन्न सकेको छैन । जनताको पक्षमा राजनीति गर्ने भन्ने दलहरूले नागरिकता जस्तो आधारभूत महत्वको विषयमै राजनीति गरिरहेका छन् ।

गठबन्धन सरकारलाई खुलापत्र

# जनतालाई कति पीडा दिने ?

*सरकार गठनको करिब ११ महिनामा ११७ प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । यस्तो अवस्थामा न त जनतालाई राहतको कुनै प्याकेज छ, न त विकासको कुनै काम । आज न त विद्यार्थीले किताब पाएका छन्, न त कृषकले मल । आज न त उद्योगीलाई ऋण छ, न त युवालाई रोजगारी । सरकार निकै निकम्मा देखिएको छ । तर, सत्ता गठबन्धन समीक्षा गर्न तयार छैन । नेताहरुलाई प्रश्न छ : के जनताले यसलाई स्वीकार गरिरहन्छन् होला ?*

अग्रलेख



● खिमराज गिरी



गठबन्धनका नेता सबैलाई
एकमुष्ठमा अभिवादन, नमस्कार, जय नेपाल !

सायद, तपाईं गठबन्धनका नेताहरुलाई अचम्म लाग्छ होला, यदि यो पत्र पढ्नुभयो भने । गत साल असार अन्तिमदेखि केपी शर्मा ओलीको बहुमतको सरकारलाई गिराएर सर्वोच्च अदालतको परमादेशबमोजिम गठबन्धनको सरकार चलेको पनि आज करिब ११ महिना भइसकेछ । यो ११ महिनाको अवधिमा यो सरकारको विकास तथा जनताको लागि राहतको हिसाब किताब गर्ने हो भने शुरूका दिनमा विभिन्न राजनीतिक पार्टीको गठजोड सरकार भएकोले तपाईंहरुबिचमा शक्ति र पदको बाँडफाँटमा नै दिन बित्यो । नेपालको राजनीति भागबण्डामै आधारित हो भन्ने भरपर्दो प्रमाण पनि तपाईंहरुले दिनुभएको छ । प्रदेश सरकार गठन गर्दा भागबण्डा नमिलेर मन्त्रालय आठबाट सोह्रसम्म बनाइयो । तैपनि सम्बन्धित मन्त्रालयका मन्त्रीहरुको कार्यकक्ष नभएर एउटा घरमा सात वटासम्म मन्त्रालयको बोर्ड टाँसियो तर, जनताको काममा ध्यानै दिइएन । पाँच दलको सरकार भएकोले सधैँ नै एकाआपसमा बेमेल भएर सरकार ढल्ने हो कि भन्ने डरले त्राही त्राही महादेव भने झैँ न त विकासको काममा ध्यान दिइयो, न त जनताको राहतको लागि केही कदम चालियो । कदम चालियो त केवल पार्टीमा धुप धुँवार गर्नेहरुको लागि । तपाईंहरु विदेश र स्वदेशमा भएका राजदूत र संवैधानिक निकायदेखि लिएर विभिन्न विभागमा पदको बाँडफाँट गर्नमै व्यस्त हुनुभयो । महाकालीमा दिन दहाडै भारतीय एसएसबी टोलीले धामीजस्ता निरीह जनताको हत्या गर्दा पनि तपाईंहरुले न त भारतसँग एक शब्द बोल्न सक्नुभयो, न त उनका परिवारले राहत पाए । दिनदहाडै कयौँ चेलीहरु बलात्कृत भएका छन्, कयौँ मजबुरीको कारणले बेचिन बाध्य छन्, कयौँ युवाहरु विदेश पलायन भएका छन्, तर तपाईँहरु भने गठजोड सरकार ढल्छ कि भन्ने चिन्ताले ग्रस्त हुनुहुन्छ ।

यतिका महिना सरकार चलाईरहँदा आज हरेक सामानको मूल्य बढेर आकाशिएको छ । यस्तो अवस्थामा तपाईँहरुले न त जनतालाई राहतको कुनै प्याकेज दिनुभयो, न त विकासको काम नै । आज करिब एघार महिनामा ११७ प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । यो अवधिमा न त विद्यार्थीले किताब पाएका छन्, न त कृषकले मल पाए । न त उद्योगीलाई ऋण छ, न त युवालाई रोजगारी । न त छिमेकी राष्ट्रलाई विश्वासमा लिन सकेको छ यो सरकारले । न त गरिबले न्याय पाउन सके, न त बलात्कारीलाई कारबाहीको दायरामा ल्याउन सक्यो, न त कालाबजारीयाहरुलाई नियन्त्रणमा । अझ बाढीपहिरोले आहात जनता कठीन यात्रा गर्न बाध्य छन् । अति प्राथमिकतामा पर्ने जनताको धन र जनको भय हुने खोला नियन्त्रण प्याकेजमा सरकारको ध्यान गएको देखिँदैन । प्रधानमन्त्रीजस्तो गरिमामय पदमा आसीन व्यक्ति विदेशी पाहुनाको अगाडि ऱ्याल चुहाउँछन् र उठन नसकेर स्वयम् विदेशी प्रधानमन्त्रीले उठाउनु पर्दछ । यस्ता निर्बल र निरीह प्रधानमन्त्रीवाट देश र जनताले विकास र समृद्ध मुलुकको आश कसरी गर्न सकिन्छ ?

